// नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, असोज ४ गते २०३३ साल [ अतिरिक्ताङ्क २०

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

## सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा न्याय प्रशासन सुधार ऐन, २०३१ बमोजिम क्षेत्रीय अदालतहरूमा देहायका व्यक्तिलाई देहाय बमोजिम नियुक्त गरिबक्सेको छ।

| | |
|---|---|
| १. पूर्वाञ्चल क्षेत्रीय अदालतका न्यायाधीश श्री घनानाथ पन्त– | मुख्य न्यायाधीश, पश्चिमाञ्चल क्षेत्रीय अदालत |
| २. भेरी अंचल अदालतका अंचल न्यायाधीश श्री रुद्रबहादुर सिंह– | अतिरिक्त न्यायाधीश, मध्यमाञ्चल क्षेत्रीय अदालत |
| ३. सगरमाथा अञ्चल अदालत राजविराज बेन्चका अन्चल न्यायाधीश श्री मोहनबहादुर श्रेष्ठ – | अतिरिक्त न्यायाधीश पूर्वाञ्चल क्षेत्रीय अदालत। |

साथै मौसूफबाट अतिरिक्त न्यायाधीशहरूको पारिश्रमिक र सुविधा क्षेत्रीय अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी निजहरूका अवधि ३ (तीन) वर्षका निमित्त तोकिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

623

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा पश्चिमान्चल क्षेत्रीय अदालतका मुख्य न्यायाधीश श्री सर्वज्ञराज पण्डितलाई नेपालको संविधान बमोजिम सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीश पदमा नियुक्ति गरिबक्सेको छ ।

साथै, मौसूफबाट अतिरिक्त न्यायाधीशको पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी निजको अवधि ४ वर्षको निमित्त तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजबाट, सर्वोच्च अदालतका न्यायाधीश श्री मीनबहादुर थापा राजदरबार विशेष जाहेरी विभागको मुख्य पदाधिकारीको पदमा काजमा रही काम गरी आउनुभएकोमा उहाँले उमेरको हदबाट अवकाश प्राप्त गर्नु भएकोले उपर्युक्त राजदरबार विशेष जाहेरी विभागको मुख्य पदाधिकारीको पदमा, सर्वोच्च अदालतका अतिरिक्त न्यायाधीश श्री सर्वज्ञराज पण्डितलाई २०३३ साल आश्विन ४ गतेदेखि काजमा काम गर्न तोकिबक्सेको छ ।

न्यायाधीश श्री मीनबहादुर थापालाई आजसम्म ईमानदारी साथ गर्नु भएको सेवाको लागि मौसूफ सरकारबाट धन्यबाद बक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

624

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।